# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, कात्तिक २५ गते, २०७० साल (संख्या ३१


## भाग ५

### नेपाल सरकार

### श्रम तथा रोजगार मन्त्रालयको सूचना

नेपाल सरकारले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८२ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा १९ मा रहेको श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाउने सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा देखापरेका कठिनाई हटाउनको लागि देहायको बाधा अड्काउ फुकाऊ आदेश जारी गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. वैदेशिक रोजगार ऐन, २०६४ को दफा १९ को उपदफा (२) मा श्रम स्वीकृतिको निस्सा (स्टिकर) को लागि पेश भएको विवरण जाँचबुझ गर्दा दफा १५ बमोजिम पेश गरेको विवरणसँग दुरुस्त देखिएमा विभागले तीन दिनभित्र त्यस्ता कामदारको राहदानीमा श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाई दिनेछ भन्ने व्यवस्था रहेको तर श्रम स्वीकृतिको निस्सा (स्टिकर) को लागि पेश हुने अधिकांश विवरणमा दफा १५ बमोजिमको पूर्वस्वीकृतिमा उल्लिखित रोजगार

को किसिमभन्दा भिन्न किसिमको पद नाम उल्लेख भई भिसा प्राप्त हुने गरेको कारण श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाउन कठिनाई उत्पन्न भएकोले देश तथा कम्पनी फरक नपरेको, तलब लगायतका सेवा सुविधा नघटेको र कामको प्रकृति एवं कार्यक्षेत्रमा फरक नपर्ने गरी समान प्रकृतिका पद नामहरु उल्लेख भएको अवस्थामा ऐनको दफा १९ को उपदफा (२) बमोजिम दुरुस्त रहेको मानी विभागले त्यस्ता कामदारको राहदानीमा श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाई दिने ।

२. वैदेशिक रोजगार ऐन, २०६४ को दफा १५ बमोजिम प्राप्त पूर्वस्वीकृतिमा रोजगारदाता कम्पनीको रुपमा कुनै एक कम्पनीको नाम उल्लेख हुने तर कामदारको भिसा प्राप्त हुँदा उक्त कम्पनी आबद्ध रहेको समूहको (Group of Holding Companies/Subsidiary Companies) अर्को कम्पनीको नाम उल्लेख भई आउने गरेको कारण दफा १९ को उपदफा (२) बमोजिम श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाउन कठिनाई उत्पन्न भएकोले त्यस्तो अवस्थामा मागपत्र पेश गर्ने पूर्वस्वीकृतिमा नाम उल्लेख भएको कम्पनीले कामदारको भिसामा नाम उल्लेख भएको कम्पनी आफू आबद्ध रहेको समूहकै (Group of Holding Companies/Subsidiary Companies) कम्पनी रहेको व्यहोरा आबद्ध कम्पनीको समूहका सबै कम्पनीको सूची सहित सम्बन्धित मुलुकस्थित नेपाली राजदूतावासबरा प्रमाणित गरी निस्सा पठाई दिएको भएमा ऐनको दफा १९ को उपदफा (२) बमोजिम रोजगारदाता कम्पनी दुरुस्त रहेको मानी विभागले त्यस्ता कामदारको राहदानीमा श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाई दिने ।

आज्ञाले,
**सुरेश मान श्रेष्ठ**
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।०६३